# नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

वागमती प्रदेश, नेपाल

प. सं. २०८२/०८३ (प्रशासन)

च. नं. ९३५४

ने. सं. ११४६

मितिः २०८२।०७।१७

विषयः निर्णय कार्यान्वयनको प्रगति विवरण पठाइएको ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
(स्थानीय तह समन्वय शाखा)
सिंहदरबार, काठमाडौं ।

प्रस्तुत विषयमा तहाँको च. नं. १३३ मिति २०८२।०७।१२ को प्राप्त पत्र अनुसार नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८२।०६।०५ को निर्णय कार्यान्वयनको व्यवस्थाका सम्बन्धमा हालसम्म भएका प्रगति विवरण यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

२०८२।७।१७

..............................

(शेषकान्त पौडेल)

उपसचिव

उप-सचिव

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न. ११३ मिति २०८२/०६/०८ गतेको पत्र साथ संलग्न अर्थ मन्त्रालयको मिति २०८२/०६/०७ गते को निर्णय कार्यान्वयन गर्ने/गराउने सम्बन्धी परिपत्र कार्यान्वयनको प्रगति विवरण ।

| कार्यान्वयनको लागि परिपत्र गरिएको विषय | कार्यान्वयन को अवस्था |
|---|---|
| क. आयोजनाको प्राथमिकीकरण र पुँजीगत खर्च व्यवस्थापन । | • महानगरपालिकाको हालको भवन जेनजी आन्दोलनका क्रममा क्षति भएको हुँदा वैकल्पिक रुपमा सेवा प्रवाह गर्ने व्यवस्था गरिएको तथा हाल बन्दै गरेको नयाँ आधुनिक संरचना सेवागाही मैत्रि रहेको तथा १९ वटा क्षतिभएका वडा कार्यालयहरु सेवाग्राहीमैत्री हुने गरी पुनर्निर्माण गर्न लागिएको ।<br>• गत विगत बाट नै रु १० लाख भन्दा बढीका आयोजना उपभोक्ता समितिबाट कार्यान्वयन नगर्ने भनि नगर सभा बाट निर्णय भएको हुँदा यस प्रकृतिका कुनै पनि योजनाहरु उपभोक्ता समितिबाट सञ्चालन गरिएको छैन ।<br>• कन्टिन्जेन्सी खर्च व्यवस्थापनको लागि भरतपुर महानगरपालिका सार्वजनिक खरिद कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थीत गर्ने निर्देशिका, २०७८ स्विकृत गरी कार्यान्वयनमा रहेको । |
| ख. खर्च मित्तव्ययिता तथा स्रोत परिचालन क्षेत्रहरु । | • नियम संगत बाहेक पदाधिकारी तथा कर्मचारीलाई कुनै किसिमका बैठक भत्ता तथा अतिरिक्त भत्ताहरु पूर्णरुपमा कटौती गरीएको ।<br>• कुनै पनि कर्मचारी तथा पदाधिकारीलाई आवास सुविधा बापत रकम उपलब्ध नगराईएको । |
| ग. परामर्श सेवा सम्बन्धमा | • महानगरपालिकामा विद्यमान कर्मचारीबाट हुने कुनै पनि काम बाह्य परामर्शकर्ता बाट नगरिएको तथा नगरपालिकालाई आवश्यक कानून आन्तरिक |

उप-सचिव

| | |
|---|---|
| | रुपमा नै तयार गर्ने गरिएको ।कानुन तर्जुमा परामर्शदाता मार्फत गर्ने गरीएको छैन । |
| घ. पानी, बिजुली र सञ्चार महसुल लगायत सेवा खर्चमा मितव्ययिता कायम गर्ने । | • पानी, बिजुली र सञ्चार महसुल लगायतका सुविधाहरु किफायति रुपमा प्रयोग गरिएको । AC, हिटर, पंखा जस्ता अधिक विद्युत खपत गर्ने विद्युतिय सामाग्रिहरु खरिद नगरिएको तथा कुनै पनि सरकारी कार्यालय भाडामा लिएर सञ्चालन नगरिएको । |
| ङ. पुराना संरचना तथा सामान प्रयोग गर्न प्रोत्साहित गर्ने र अनुपयोगी सामान लिलाम गर्ने । | • जेनजी आन्दोलनमा धेरै विद्युतिय सामाग्री, सवारी साधन तथा जिन्सी सामाग्री नष्ट भएकोमा जगेडा रहेका सामाग्री, पुराना मर्मत तथा अतिवाश्यक मात्र खरिद गरी कार्यसञ्चालन गरीएको, आन्दोलनको क्रममा क्षति तथा काम नलाग्ने सामाग्रीहरुको लिलाम गर्नको लागि नियमानुसार जिन्सी मालसामान मूल्याङ्क समिति गठन गरी कार्यप्रक्रिया अगाडी बढाईएको तथा भौतिक संरचनाको बीमा गर्ने कार्य प्राथमिकतामा राखिएको । |
| च. संगठन संरचना सुधार । | • आर्थिक भार पर्ने गरी कुनै पनि थप दरबन्दी सिर्जना नगरिएको, नगर प्रमुख र उपप्रमुखको सचिवालयमा वैतनिक रुपमा सल्लाहकार/स्वकीय सचिव नियुक्त नगरिएको । |
| छ. चालु खर्च घटाउने । | • जेनजी आन्दोलनको क्रममा भएको क्षतिको पुनर्निर्माण गर्न आ.व. २०८२/८३ अन्तर्गत विनियोजित बजेटलाई पुन प्राथमिकिकरण गरी चालु तथा पूँजीगत तर्फबाट कम प्राथमिकताका र वितरणमुखी योजनाहरुबाट रु १७ करोड ११ लाख १६ हजार बजेट कटौति गरी पुनर्निर्माणकोषमा स्थापना गरी पुनर्निर्माण कार्य भइरहेको । |

उप-सचिव

| | |
|---|---|
| ज. सवारी साधनको उपयोग । | • जनप्रतिनिधि तथा कर्मचारीलाई उपलब्ध भएकै सवारी साधन प्रयोग गरिएको हुँदा कुनै पनि सवारी साधन भाडामा लिएको छैन साथै । जेन्जी आन्दोलनमा वारुणयन्त्र, फोहोर संकलन गर्ने सवारी साधन, ब्रुमर, नगर प्रहरी तथा महाशाखा प्रमुखहरुका सवारी साधन जलाई नष्ट भएको हुँदा न्यूनतम आवश्यक सवारी साधन खरिद गर्ने योजना रहेको छ । |
| झ. बक्यौता असुली । | • नगर सभा बाट निर्णय गरी बेरुजु फछ्र्यौटको प्रक्रिया अगाडी बढाईएको तथा राजश्व बक्यौता असुलीलाई तिव्रता दिइएकोछ । |
| • माथि उल्लेख भएको सहित परिपत्रमा उल्लेख भएका अन्य विषयहरु क्रमिक रुपमा सुधार गरी अनुत्पादक खर्च कटौती गर्दै मितव्ययिता कायम गर्ने कार्य अगाडी बढाईएको । | |

उप-सचिव

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं. ९३३ मिति: २०८२/०७/१२

श्री जिल्ला समन्वय समिति (सबै)

श्री गाउँपालिका (सबै)

श्री नगरपालिका (सबै)

विषयः नेपाल सरकार (म.प.) को मिति २०८२/०६/०५ को निर्णय कार्यान्वयनको प्रगति विवरण सम्बन्धमा ।

प्रस्तुत विषयमा अर्थ मन्त्रालयको प.सं. २०८२/०८३/वजेट प्रशासन, च.नं. १६२ मिति २०८२/०७/०२ को पत्रानुसार सार्वजनिक संरचनाको पुननिर्माण र मर्मत, सार्वजनिक सेवा सुचारु, निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुररुत्थान र राहत समेतको लागि आयोजनाको पुनर्प्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययीता कायम गर्ने सम्वन्धमा नेपाल सरकार (म.प.) को मिति २०८२/०६/०५ को निर्णय कार्यान्वयनको प्रगति विवरण सम्वन्धी पत्रको छायाँप्रति यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

भरतपुर महानगरपालिका
दर्ता नं. ८४२९
मिति: ०८२।७।१८

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थ:

श्री अर्थ मन्त्रालय, सिंहदरवार, काठमाडौं ।

श्री सूचना प्रविधि शाखा, सबै जि.स.स./ गाउँ/नगरपालिकाको ईमेलमार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेबसाईटमा समेत अपलोड गरिदिनु हुन ।

सिंहदरवार, काठमाण्डौं फोन नं.-४२००५११/४२००३०४
ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेबसाईट:- www.mofaga.gov.np

नेपाल सरकार
# अर्थ मन्त्रालय
बजेट तथा कार्यक्रम महाशाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- १२०८
दर्ता मिति:- ७/५

पत्र संख्या:-२०८२/८३-बजेट प्रशासन
च. नं.:- १६२

मिति: २०८२/०७/०२

**विषयः नेपाल सरकार (म.प.) को मिति २०८२/०६/०५ को निर्णय कार्यान्वयनको प्रगति विवरण सम्बन्धमा।**

श्रीमान सचिवज्यू,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

प्रस्तुत विषयमा यस मन्त्रालयको प.सं.२०८२/८३, च.नं. ११७, मिति २०८२/०६/०७ को पत्र प्राप्त गर्नु भई व्यहोरा अवगत भएकै छ। उक्त पत्रमा उल्लेख भए बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०८२/०६/०५ मा सार्वजनिक संरचनाको पुनर्निर्माण र मर्मत, सार्वजनिक सेवा सुचारू, निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनरुत्थान र राहत समेतका लागि आयोजनाको पुनर्प्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्बन्धमा भएका निर्णय सबै स्थानीय तहमा कार्यान्वयनको व्यवस्थाका सम्बन्धमा हालसम्म भएका प्रगति विवरण ३ (तीन) कार्य दिनभित्र उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु।

श्री योजना महाशाखा

२०८२/७/५

(सुमन दाहाल)
सहसचिव

श्री योजना शाखा/स्थानीय तह स.शाखा
४३४
०८२/७/५

२०८२/७/१२

श्री स्थानीय तह स.शाखा

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.:- ९९२

मिति:२०८२।०६।०८

नें.सं. ११४५

श्री जिल्ला समन्वय अधिकारी (सबै)

श्री प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका (सबै)

नगरपालिका (सबै)

विषयः निर्णय कार्यन्वयन गर्ने/गराउने सम्वन्धमा।

प्रस्तुत बिषयमा अर्थ मन्त्रालयको प.सं.२०८२/८३, (बजेट) च.नं.११८, मिति २०८२/६/७ को पत्र मार्फत नेपाल सरकार मन्त्रिपरिषद्वाट मिति २०८२/६/५ मा सार्वजनिक संरचनाको पुनर्निमाण र मर्मत, सार्वजनिक सेवा सुचारु निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनरुत्थान र राहत समेतका लागि आयोजनाको पुनर्प्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्वन्धी निर्णय यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः

श्री अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखा

श्री सूचना प्रविधि शाखाः इमेल मार्फत जिल्ला समन्वय समिति/गाउपालिका/नगरपालिकालाई जानकारी गराई वेवसाइटमा अपलोड गरिदिनुहुन ।

नेपाल सरकार

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्याः- २०८२/८३ (बजेट)
च. नं.:- ११८

२३६
०८२।६।८

मितिः २०८२/६/७

विषयः निर्णय कार्यान्वयन गर्ने/गराउने सम्बन्धमा।

श्री संघीय मामिला महाशाखा

श्री प्रमुख प्रशासकीय अधिकृत,
सबै महानगर/उप महानगर/नगर/गाउँ कार्यपालिकाको कार्यालय

२०८२।६।८

नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०८२/६/५ मा सार्वजनिक संरचनाको पुनर्निर्माण र मर्मत, सार्वजनिक सेवा सुचारु, निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनरुत्थान र राहत समेतका लागि आयोजनाको पुनर्प्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्बन्धी देहाय बमोजिम निर्णय भएकोले तहाँ तथा मातहतका निकायहरूमा कार्यान्वयन गर्नको लागि पठाइएको व्यहोरा अनुरोध गर्दछु।

देहायः

क. आयोजनाको प्राथमिकीकरण र पुँजीगत खर्च व्यवस्थापन

(१) सरकारी संरचना पुनर्निर्माण गर्दा सेवाग्राहीमैत्री, खुला र छरितो संरचना बनाउने। कार्यालयको कार्यबोझ, कार्य प्रकृति तथा दरबन्दी संरचनालाई विश्लेषण गरी भौतिक संरचना र ले-आउट व्यवस्थापन गर्ने।

(२) नेपाल सरकारबाट सञ्चालन हुने, नेपाल सरकारबाट वित्तीय हस्तान्तरण भएका प्रदेश वा स्थानीय तहबाट सञ्चालन हुने रू.१० लाखभन्दा बढीका आयोजनाहरू उपभोक्ता समितिबाट कार्यान्वयन नगर्ने/नगराउने। आयोजना टुक्र्याएर उपभोक्ता समितिबाट काम गराउन नपाइने।

(३) निर्माण कार्यमा कन्टिन्जेन्सी रकमको सीमा घटाई रू.१ अर्बसम्म लागत अनुमान भएका आयोजनामा ३ प्रतिशतसम्म र सोभन्दा बढीका निर्माण आयोजनामा २ प्रतिशतसम्म हुने गरी कार्यान्वयन गर्ने।

ख. खर्च मितव्ययिता तथा स्रोत परिचालनका क्षेत्रहरू

(१) भत्ता सम्बन्धमा

(क) सार्वजनिक निकायका पदाधिकारी र कर्मचारीलाई नियमित कामका लागि बैठक भत्ता उपलब्ध नगराउने। तर कानून बमोजिम गठन भएको समितिको काममा कार्यालय समय बाहेकको बैठकको भत्ता उपलब्ध गराउन सकिने।



टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९१३, वि.स.स.म. ४२११२१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईटः www.mof.gov.np

(ख) सरकारी, आफ्नो वा आफ्नो परिवारको स्वमित्वमा रहेको निजी आवास प्रयोग गर्ने पदाधिकारीले आवास सुविधा वापतको रकम लिन नपाउने।

**(२) परामर्श सेवा सम्बन्धमा**

(क) विद्यमान जनशक्तिबाट सम्पादन हुने कामको लागि विनियोजित बजेटको उपयोग गरी बाह्यसेवा परामर्शबाट काम गर्न/गराउन नपाउने।

(ख) विधेयक, नियम, विनियम, कार्यविधि, दिग्दर्शन, मापदण्ड र निर्देशिका बनाउने जस्ता कामका लागि सेवा परामर्श नलिने।

(ग) विद्यमान जनशक्तिबाट सम्पादन हुन नसक्ने अवस्था हो भनी सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित गराएर मात्र पुंजीगत अनुसन्धान तथा परामर्शका लागि खर्च गर्न सकिने।

(३) पानी, बिजुली र सञ्चार महसुल लगायतका सेवा खर्चमा मितव्ययिता कायम गर्ने

(क) पानी, बिजुली र सञ्चार महसुल वापत विनियोजित बजेटबाट खर्च धान्ने गरी मितव्ययी ढंगले खर्च गर्ने। कार्यालयमा आवश्यक नपरेको समयमा बत्ती, एअरकन्डिसन, पंखा जस्ता बिजुली खपत हुने यन्त्र उपकरण चलेको छ कि भनी सम्बन्धित कर्मचारी स्वयंले नियमित चेक गर्ने।

(ख) सरकारी कार्यालयको लागि न्यूनतम आवश्यकताभन्दा बढी कोठा र सुविधा भएको घर बहालमा नलिने। सरकारी कार्यालयहरूले सकेसम्म व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिने।

**(४) पुराना संरचना तथा सामान प्रयोग गर्न प्रोत्साहित गर्ने र अनुपयोगी सामान लिलाम गर्ने**

(क) संघ, प्रदेश र स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरूमा सवारी साधन, मोबाइल फोन, फर्निचर, ल्यापटप, डेस्कटप कम्प्युटर, मोटरसाईकल जस्ता सामान उपयोगमा पुरानो सामान प्रयोग गर्ने।

(ख) जेनजी आन्दोलनका क्रममा सिर्जना भएको असामान्य परिस्थितिबाट क्षति भएका कार्यालयहरूलाई आवश्यक पर्ने भवन, टेबल, कुर्सी, दराज, सोफा लगायतका कार्यालय सामान, मेशिन उपकरण, फर्निचर जस्ता सामग्री नजिकको कार्यालयमा भएकोबाट हस्तान्तरण गराई उपयोग गर्ने। यसरी हस्तान्तरण भएको सामानको हस्तान्तरण कार्यालय प्रमुख तहको निर्णयबाट नै हुने।

(ग) सरकारी भौतिक संरचनाको बीमा गर्ने कार्य सुरुवात गर्ने।



टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.बि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, बि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, बि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२११६६४, ४२११३४८ (बजेट म.), ४२११६६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np

(५) संगठन संरचना सुधार

(क) अत्यावश्यक अवस्थामा प्राविधिक जनशक्ति बाहेक थप दरबन्दी सिर्जना नगर्ने। विशेषज्ञ सेवामा दीर्घकालीन दायित्व सिर्जना नहुने गरी स्थायी दरबन्दीको सट्टा सेवा परामर्श लिने।

(ख) संगठन तथा व्यवस्थापन सर्भेक्षण स्वीकृत भई थप संरचना तथा दरबन्दी सिर्जना भएका स्थानीय तहले संक्षिप्त संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी चुस्त, छरितो र मितव्ययी बनाउन अनावश्यक संरचना र दरबन्दी शीघ्र घटाउने।

(ग) संघ, प्रदेश र स्थानीय तहमा कार्य जिम्मेवारीमा दोहोरोपन/तेहोरोपन हुने गरी नयाँ संरचना सिर्जना नगर्ने र हाल दोहोरो परेका संरचना खारेज गर्ने।

(घ) Contracting Out र Outsourcing बाट हुने कामलाई स्थायी संरचना सिर्जना नगर्ने।

(ङ) नेपाल सरकार, प्रदेश तथा स्थानीय तहमा स्वीकृत दरबन्दी बाहेकमा अस्थाई तथा करारमा कर्मचारी राख्न नपाउने।

(च) राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रिय सभाका अध्यक्ष बाहेक नेपाल सरकार, प्रदेश तथा स्थानीय तहका पदाधिकारीको लागि सल्लाहकार नियुक्ति नगर्ने।

(छ) राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रिय सभाका अध्यक्ष, प्रदेश प्रमुख, नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्री बाहेक सांसद लगायत अन्य राजनीतिक पदाधिकारीको स्वकीय सचिवको सुविधा खारेज गर्ने।

(६) चालु खर्च घटाउने

(क) अत्यावश्यक बाहेकका तालिम, गोष्ठी तथा सेमिनार सञ्चालन नगर्ने, सञ्चालन गर्नै पर्ने अवस्थामा सरकारी हलहरूमा र सम्भव भएसम्म अनलाइन तालिम गोष्ठी जस्ता कार्यक्रम सञ्चालन गर्ने।

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, संस्थान, प्रतिष्ठान र नियामक निकायको खर्चमा अत्यावश्यक अवस्थामा बाहेक विदेश भ्रमणमा रोक लगाउने। नेपाल सरकारको प्रतिनिधित्व सम्बन्धित नियोगबाट हुनसक्ने अवस्था भएमा सम्बन्धित नियोगलाई नै अख्तियारी दिने।

(ग) सरकारको प्रतिनिधित्व अनिवार्य भएको अन्तर्राष्ट्रिय सभा सम्मेलनमा राष्ट्र प्रमुख वा सरकार प्रमुखको नेतृत्वमा हुने प्रतिनिधिमण्डल बढीमा १० जना र नेपाल सरकारको स्रोतमा हुने अन्य प्रतिनिधिमण्डलमा बढीमा ३ जना मात्र सदस्य रहने।



टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२११११४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईट: www.mof.gov.np

नेपाल सरकार
# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. नं.:-

(७) सवारी साधनको उपयोग

(क) सवारी सुविधा सम्बन्धी सम्बन्धित कानूनमा सङ्ख्या किटान भएकोमा बाहेक सवारी सुविधा पाउने राजनीतिक तथा प्रशासनिक पदाधिकारीलाई एक भन्दा बढी सवारी साधन उपलब्ध नगराउने/प्रयोग नगर्ने।

(ख) सवारी साधन क्षति भएका मन्त्रालय एवम् केन्द्रीय निकाय तथा कार्यालयले आफ्नो मातहतका विभाग, निकाय वा कार्यालयहरूमा भएका सवारी साधनबाटै व्यवस्थापन गर्ने।

(ग) राजनीतिक तथा प्रशासनिक पदाधिकारीको सुविधाका लागि नयाँ सवारी साधन खरिद नगरी उपलब्ध सवारी साधनबाटै व्यवस्थापन गर्ने।

(घ) सवारी सुविधा पाउने पदाधिकारी तथा कर्मचारीलाई सवारी सुविधा व्यवस्थापन सम्बन्धी छुट्टै मापदण्ड अर्थ मन्त्रालयले ४५ दिनभित्र तयार गरी सोही बमोजिम व्यवस्थापन गर्ने।

(ङ) समयमा निर्वाचन सम्पन्न गर्न तथा शान्ति सुरक्षा प्रयोजनको लागि उपलब्ध सवारी साधनबाट अपुग भएमा खरिद गर्न सकिने।

(च) सरकारी सवारी साधनको पूर्ण (कम्प्रिहेन्सिभ) निर्जीवन बीमा गर्ने।

(८) अन्य खर्च कटौती

(क) नेपाल सरकार र प्रदेश सरकारका मन्त्रीहरू लगायत राजनीतिक पदाधिकारीका स्वकीय सचिवालयका लागि मन्त्रालयमा कार्यकक्ष नराख्ने। यस्ता स्वकीय सचिवालयका कर्मचारीका लागि सवारी साधन, बैदेशिक भ्रमण र अन्य भौतिक सुविधा उपलब्ध गराउन नपाइने।

(ख) प्रेस समन्वयका लागि अतिरिक्त नियुक्ति नगरी सम्बन्धित निकायकै प्रवक्ता तथा सूचना अधिकारीबाट कार्यसम्पादन गर्ने व्यवस्था मिलाउने।

(ग) सार्वजनिक संस्थानमा रिक्त रहेका कार्यकारी प्रमुखको पदमा तत्कालका लागि नेपाल सरकारको स्थायी सेवामा रहेका कर्मचारीलाई काजमा खटाउने।

(घ) महँगा इलेक्ट्रोनिक्स र विलासी सामग्रीहरू खरिद नगर्ने ।

(ङ) ग्याँस, साइकल, स्वास्थ्य बीमा शुल्क, विद्युत महशुल भुक्तानी, ह्याण्डपम्प, साडी वितरण जस्ता वितरणमुखी कार्यक्रम सञ्चालन गर्न नपाइने।



टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२११९६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईटः www.mof.gov.np

पत्र संख्या:-
च. नं.:-

सिंहदरबार, काठमाडौं
नेपाल।

(९) बक्यौता असुली

(क) नेपाल सरकार अन्तर्गतका निकायले प्राप्त गर्नुपर्ने कर राजस्व वा गैरकर राजस्व असुलीलाई प्रभावकारी बनाउने सम्बन्धित मन्त्रालय जवाफदेही हुने।

(ख) अन्तिम लेखा परीक्षणबाट असुल उपर गर्ने भनी तोकिएको बेरूजु तुरुन्त असुल उपर गर्ने।

(१०) उल्लिखित निर्णय कार्यान्वयनको अनुगमन सम्बन्धित निकायका प्रमुखले नियमित रूपमा गर्ने गराउने।

०७२।६।६।

(सुमन दाहाल)
सह-सचिव

**बोधार्थ:**

श्री महालेखा परीक्षकको कार्यालय, अनामनगर, काठमाडौं।
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं।
श्री संघीय मामिला तथा सामान्य प्रशासन कार्यालय, सिंहदरबार, काठमाडौं।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौं।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सबै।



टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२११९६४, ४२११३४८ (बजेट म.), ४२११९६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np